सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बदौंडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

आज मिति २०७७ बैशाख २१ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यू हरूको उपस्थितिमा कार्यपालिकाको ६३ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरीयो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साडी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | अनुपस्थित |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | चन्द्रिमा |
| १३ | श्री जिवा सुनार | सदस्य | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी | सदस्य | अनुपस्थित |
| १५ | श्री अमर बहादुर घर्ती | सचिव | |
| अन्य उपस्थिति | | | |
| १. | लक्ष्मण आचार्य | [illegible] | |
| २. | गोविन्द प्रसाद पोखरेल | का० स०- | |
| ३. | लिलाराम सोमै | [illegible] | |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या - ६३

मितिः- २०७७/०१/२१

बैठकका प्रस्तावहरु

१. क्वारेन्टाईन व्यवस्थापन, महामारी रोकथाम, नियन्त्रण तथा उपचार को हाल सम्मको अवस्था तथा राहत वितरणको समिक्षा सम्बन्धमा।

२. रकमान्तर सम्बन्धमा।

३. धन्यवाद ज्ञापन सम्बन्धमा।

४. विविध सम्बन्धमा।

*बैठकका निर्णयहरु*

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिदै गईरहेको कोरोना भाईरसको संक्रमण बढदै गईरहेकोले नेपालमा पनि यो संक्रमण अझ बढदै गईरहेको सन्दर्भमा यस सरुमारानी गाउँपालिका अन्तर्गतका वडाहरुमा सञ्चालनमा रहेका विभिन्न क्वारेन्टाईन शिविरहरुमा अनुगमन गरि थप व्यवस्थित र सुरुक्षित रहने उपायहरु कडाईका साथ अवलम्बन गर्ने तथा गराउने साथै हाल अभाव रहेको द्रुत परिक्षण सामाग्रीहरु उपलब्ध गराउन यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा स्वास्थ्य शाखालाई आवश्यक निर्देशन दिने निर्णय गरियो। साथै क्वारेन्टाईन व्यवस्थापन, महामारी रोकथाम, नियन्त्रण तथा उपचारको हाल सम्मको अवस्था तथा राहत वितरणको हाल सम्मको अवस्थाको वारेमा आवश्यक छलफल तथा समिक्षा गरियो र हाल सम्म समग्र गाउँपालिका, सबै वडा कार्यालयहरु तथा अन्य विभन्न सहयोगी निकाय तथा व्यक्तिहरुको सहयोगमा यस पालिका भित्रका अति विपन्न, असाहाय तथा घरवार विहिन जम्मा ६२९ घर परिवारहरुलाई तपशिल बमोजिमको वडागत आधारमा राहत सामाग्री वितरण गरियो ।

तपशिलः

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| क्र.स. | वडा नं. | राहत पाउने परिवार संख्या | कैफियत |
|---|---|---|---|
| १. | १ | १५० | |
| २. | २ | १८५ | |
| ३. | ३ | ९४ | |
| ४. | ४ | ६० | |
| ५. | ५ | ७६ | |
| ६. | ६ | ६४ | |
| जम्मा | | ६२९ | |

*निर्णय नं.* २. यस सरुमारानी गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत आ.व. २०७६/७७ को वार्षिक वजेट तथा कार्यक्रममा विनियोजित निम्न बमोजिमका योजनाहरुलाई यस कार्यापालिकाको बैठकबाट तपशिल बमोजिमको शिर्षकमा रकमान्तर गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

*तपशिलः*

| क्र.स. | रकमान्तर गरिएको शिर्षक र रकम | विनियोजन गरिएको शिर्षक र रकम | कैफियत |
|---|---|---|---|
| १. | खोलापारी वालविकास भवन रु. २,५०,०००। | १. छहरे-तित्रीवाझँ मोटर वाटो ग्रावेल योजना- रु. ५,९०,०००। | |
| २. | डाँडागाउँ मुख्यटोल लिफ्ट सिचाई कुलो रु.२,००,०००। | २. १ नं. वडा कार्यालयमा प्रिन्टर खरिद - रु. २५,०००। | |
| ३. | प्यालीवाझँ मञ्च रु. २,००,०००। | ३. वडा कार्यालय ३ र ६ मा ईन्टरनेट जडानमा अपुग रकममा थप - रु. ३५,०००। | |
| | जम्मा रु. ६,५०,०००। | जम्मा रु. ६,५०,०००। | |
| ४. | नर्सरी आँटीटार साना किसान मोटरवाटो कालोपत्रे- रु.१९,५०,०००। | ४.नर्सरी आँटीटार साना किसान मोटरवाटो स्तरोन्नती - १९,५०,०००। | |
| ५. | सोराडाँटमा गाउँघर स्वास्थ्य क्लिनिक भवन निर्माण - वडा नं. ५ रु. १,५०,०००/= | ५. वडडाँडा - अस्पुर - सोराडाँडा मो. वा. मर्मत रु. १,५०,०००/- | |

*निर्णय नं. ३.* विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण, रोकथाम तथा उपचारको लागि देशव्यापी बन्दा बन्दी (लक डाउन) अवधि क्रमशः बढिरहेको र उक्त लक डाउनबाट अति नै प्रभावित मजदुर, घरबार विहिन र अति विपन्न व्यक्ति तथा परिवारहरुको लागि अति आवश्यक राहत सामाग्री वितरण भईरहेको तथा वडा स्तरमा क्वारेन्टाईन शिविरहरु सञ्चालन भईरहेको छ। समग्र गाउँपालिका तथा वडा कार्यालयहरु यो महामारी विरुद्ध लडिरहेको सन्दर्भमा यस विषम परिस्थितिमा पनि आर्थिक रुपले सहयोग, सहकार्य र समन्वय गरि यस गाउँपालिका संग हातेमालो गर्ने तपशिलका मनका धनि संघ, संस्था, जनप्रतिनिधिहरु, शिक्षक तथा राष्ट्रसेवक कर्मचारीहरुलाई यस गाउँपालिका परिवारको तर्फबाट पुनः सहयोग, सहकार्य र समन्वयको अपेक्षा सहित विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

*तपशिल:*

| क्र.स. | संस्थाको नाम | संस्थाको ठेगाना | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | साना किसान कृषि सहकारी संस्था लि. | सरुमारानी-१, बांगेशाल | ४०,०००। | |
| २. | श्री ऐरकवती बहुउद्देश्यीय साना किसान सहकारी सस्था लि. | सरुमारानी-४, बडुाँडा | १५,०००। | |
| ३. | हंसपुर बचत तथा ऋण सहकारी संस्था लि. | सरुमारानी-३, कास्कोट | १,५००। | |
| ४. | शान्तिकुञ्ज सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | सरुमारानी-३, कास्कोट | १०,०००। | |
| ५. | सक्रिय सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | सरुमारानी-१, छहरेचौपारी | १०,०००। | |
| ६. | सिर्जनशिल कृषि सहकारी संस्था लि. | सरुमारानी-५, जस्पुर | ५,०००। | |
| ७. | नँया अभियान कृषि सहकारी संस्था लि. | सरुमारानी-२, दर्भान | ५,०००। | |
| ८. | उद्यमी कृषि सहकारी संस्था लि. | सरुमारानी-३, हंसपुर | १,०१०। | |
| ९. | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | सरुमारानी-४, बडुाँडा | १०,०००। | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १०. | सम्पूर्ण जनप्रतिनिधिहरु तर्फबाट | सरुमारानी गाउँपालिका | ४१,०००। | |
| ११. | सम्पूर्ण कर्मचारीहरुबाट ५ र ३ दिन बराबरको तलब | सरुमारानी गाउँपालिका | १,५९,४४१। | |
| १२. | शिक्षक महासंघ सरुमारानी गा.पा. प्यूठान | सरुमारानी गा.पा. प्यूठान। | ८६४३८। | १,६०,०००।को प्रतिबद्धता गरेको |
| | जम्मा | | ३,८४,३८९। | |

*निर्णय नं. ४.* विविध सम्बन्धमा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिदै गईरहेको कोरोना भाईरसको संक्रमण बढदै गईरहेकोले नेपालमा पनि यो संक्रमण अझ बढदै गईरहेको कारण यस सरुमारानी गाउँपालिका अन्तर्गतका केहि स्थानीय बजारहरुमा खाद्यन्न तथा अनिवार्य आपुर्तीका सामाग्रीहरुमा स्थानीय वासीहरुको गुनासो आएको सन्दर्भमा यस गाउँपालिकाको बजार अनुगमन टोलीलाई नियमित बजार अनुगमनमा खटाउने निर्णय गरियो।

गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मिति-२०७७।०१।२२.

२०७७।०१।२२

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner